बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्**
हेटौंडा, मकवानपुर

पत्र संख्या: २०८२/०८३
चलानी नं.

**औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसीप)कार्यक्रमको लागि शिक्षालय/विद्यालयहरूले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३।०१।२८)

नेपाल सरकार र स्वीजरल्याण्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा सञ्चालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोश्रो (ENSSURE-II) अन्तर्गत यस परिषद्को बजेटबाट बागमती प्रदेशका शिक्षालय/विद्यालयहरू मार्फत होटल व्यवस्थापन विषयमा ३६ महिने अप्रेन्टिसीप (औद्योगिक प्रशिक्षार्थी तालिम) कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले बागमती प्रदेशमा रहेका आंगिक शिक्षालय, साझेदारी शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) सञ्चालित विद्यालयहरूमध्ये कार्यक्रम सञ्चालन गर्न इच्छुक तथा योग्यता पुगेका शिक्षालय/विद्यालयहरूले उल्लेखित शर्तका आधारमा बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौंडामा मिति २०८३ बैशाख मसान्तसम्म प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। कार्यक्रम सञ्चालन सम्बन्धी विस्तृत जानकारी, स्वीकृत विषयको विवरण र प्रस्तावको ढाँचा प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को वेवसाइट https://pctvet.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**तपसिल**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट स्वीकृत परीक्षा सम्बन्धी विनियमावली, २०८३ अनुसार प्रशिक्षार्थी छनौट, भर्ना र कार्यक्रम सञ्चालन हुनेछ।
२. शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा रहेर कार्यस्थलमा आधारित सिकाइ विधि अन्तर्गत सञ्चालन हुने अप्रेन्टिसीप कार्यक्रम ३६ महिना अवधिको हुनेछ।
३. यो कार्यक्रम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरबाट प्रकाशित सूचना बमोजिम आर्थिक वर्ष २०८२/०८३ बाट सञ्चालन हुनेछ।
४. प्रशिक्षार्थीहरुले सम्बन्धित उद्योग/व्यवसायहरूमा नै रहेर कार्यस्थलमा आधारित तालिम लिनुपर्ने भएकाले तालिम सञ्चालन गर्ने विषयसँग सम्बन्धित सम्भावित उद्योग/व्यवसायको विवरण पनि प्रस्ताव साथपेश गर्नुपर्नेछ।
५. अप्रेन्टिसीप तालिम कार्यक्रममा छनौट भई अध्ययन गर्ने प्रशिक्षार्थीहरूले नि:शुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन्। कार्यक्रम सञ्चालन गर्ने शिक्षालय/विद्यालयहरूलाई सञ्चालन खर्च वापत प्रति प्रशिक्षार्थी इकाई लागतका आधारमा यसपरिषद्बाट सञ्चालन अनुदान निकासा हुनेछ ।
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) बाट ३६ महिने अप्रेन्टिसीप तालिम कार्यक्रमका लागि स्वीकृत भएको होटेल व्यवस्थापन कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्नुपर्नेछ।
८. परीक्षार्थी भर्ना सम्बन्धी सूचना, परीक्षा सञ्चालन र उत्तीर्ण परीक्षार्थीलाई प्रमाण-पत्र उपलव्ध गराउने व्यवस्था प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानोठिमी भक्तपुरले नियमानुसार गर्नेछ।
९. तोकिएको समयभित्र दर्ता भएका प्रस्तावहरू मध्येबाट संस्था, विषय र कोटा संख्या परिषद्ले छनौट गर्नेछ। प्राप्त प्रस्ताव स्वीकृत गर्ने,आंशिक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार परिषद्मा निहित रहनेछ।
१०.दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) को तर्फबाट HELVETAS नेपालले यस परिषद्लाई तालिम कार्यक्रम संचालनको लागि प्राविधिक सहयोग गर्नेछ।

**थप जानकारीका लागिः** श्री देवनारायण चौधरी, कार्यालय प्रमुख, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्, हेटौंडा-९८४१५८६६३८ र चक्रपाणी तिमल्सीना, प्राविधिक संयोजक-**TVET** दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (**ENSSURE**)-९८५८०२२५५६

देवनारायण चौधरी
कार्यालय प्रमुख